नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

मिति :- २०७१/०७/११

पत्र संख्या :

च.नं. :

विषय :-समाचार प्रचार - प्रसार गरि दिने बारे ।

श्री नेपाल टेलिभिजन
श्री रेडियो नेपाल
श्री गोरखापत्र
श्री राष्ट्रिय समाचार समिति
श्री कान्तिपुर दैनिक
श्री नागरिक दैनिक

आज मिति २०७१/०७/११ गतेका दिन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सचिव डा.कृष्ण चन्द्र पौडेलको अध्यक्षतामा बसेको अतिजन्य मौसमी गतिविधि र नेपालले भविष्यमा अपनाउनु पर्ने कार्ययोजना तथा मौसमी सूचना सम्प्रेषण संयन्त्रका बारेमा विभिन्न सरोकारवालाहरुका वीच भएको अन्तरक्रियाबाट निम्न अनुसार गर्ने/गराउने निर्णय गरियो ।

१. गत महिना भारतको अण्डामान निकोवारवाट शुरु भएको हुदहुद नामको समुन्द्री आँधीका कारण नेपालको मुस्ताङ्ग र मनाङ्ग क्षेत्रमा भएको भारी हिमपात र त्यसवाट हुन गएको व्यापक जनधनको क्षतिको बारेमा प्रस्तुती र छलफल गरी भविष्यमा त्यस्ता समस्या नदोहोरिउन भन्नका लागि जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा.ऋषिराम शर्माको अध्यक्षतामा अतिजन्य मौसम पूर्वानुमान र सूचना सम्प्रेषण संयन्त्र (Extreme Weather Forecasting and Information Dissemination Mechanism) गठन गर्ने र उक्त कार्यदलमा गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय र कृषि विकास मन्त्रालयबाट सम्पर्क व्यक्ति रहने निर्णय गरियो । उक्त कार्यदलले आवश्यकता अनुसार ICIMOD लगायत अन्य विज्ञ निकायहरुलाई आमन्त्रण गर्न सक्ने ।

२. जल तथा मौसम विज्ञान विभागले आफ्नो Website अध्यावधिक गरि राख्ने र मौसम सम्वन्धी सूचना संकलन र सम्प्रेषण गर्न एउटा Toll Free Number को व्यवस्था गर्न सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने ।

३. पर्यटन व्यवसायी, होटल व्यवसायी, पर्यटन संरक्षण क्षेत्रको चेक प्वाइन्ट, हवाई अड्डाहरु, ट्रेकिङ्ग अनुमति कर्ता, प्रहरी चौकी, गा.वि.स/न.पा., जि.प्र.का., जिल्ला प्रशासन कार्यालय, कृषि सेवा केन्द्र जस्ता सार्वजनिक सम्पर्क विन्दुहरुमा मौसमी सूचना राखी प्रसारण गर्ने व्यवस्था सम्वन्धित निकायहरुले मिलाउने ।

४. मौसम वारेको जानकारी सर्वसाधारणलाई सहज रुपमा पुऱ्याउन रेडियो, टि.भि, एफ.एम. मार्फत सम्प्रेषण गर्ने व्यवस्था संचार मन्त्रालयले मिलाउने ।



कार्यालयको ठेगाना : | कार्यालयको टेलिफोन नं. : | फ्याक्स नं.: | इमेल: | वेब साईट:

पत्र संख्या :

च.नं. :

५. पर्यटन तालिम केन्द्र, Trekking Association of Nepal (TAN), Tour Operators/Trekking Agencies हरुले मौसम वारेको जानकारी नियमित रुपमा राख्ने र पर्यटकहरुलाई उपलब्ध गराउने व्यवस्था सम्वन्धित निकायहरुले मिलाउने ।

६. आवश्यकता अनुसार होटल लजहरुमा मौसमी विवरण/सूचना राख्न लगाउने ।

७. गाइड विना ट्रेकिङ्ग, टुर संचालन गर्न नहुने क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा गाइडको व्यवस्था अनिवार्य गर्ने व्यवस्था सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने साथै दुर्गम क्षेत्रहरुमा पर्यटकहरुको सुविधाका लागि घर-टहरा (Shelter) को निर्माण गर्न सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवश्यक व्यवस्था गर्ने ।

८. मौसम पूर्वानुमान, भविष्यवाणी र सूचना सम्प्रेषणलाई भरपर्दो बनाउने र सर्वसाधारणले बुझ्ने गरी मौसमी सूचना सम्प्रेषण गर्ने कार्य जल तथा मौसम विज्ञान विभागले मिलाउने ।

९. विद्यालयमा विज्ञान शिक्षामा मौसम सम्वन्धी जानकारी कक्षा संचालन गर्ने व्यवस्थाका लागि शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

१०. वुदा नं.१ बमोजिम गठित कार्यदलले अतिजन्य मौसम सम्वन्धी पूर्वानुमान गरी कुनै किसिमको खतरा वा जनधनको क्षति हुन सक्ने संभावना भएमा यस्तो जानकारी सर्वसाधारणहरुलाई पूर्व सुसूचित गर्ने र अन्य आवश्यक व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कृषि विकास मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल प्रहरी, , रक्षा मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी र अन्य सम्वन्धित निकायहरुलाई छिटो भन्दा छिटो सूचना पुऱ्याउने र त्यस्तो सूचना प्राप्त गर्ने मन्त्रालय/निकायहरुले मातहतका स्थानीय तहसम्मका निकायहरुमा भरपर्दो र प्रभावकारी तवरले सूचना प्रवाह गरी आवश्यक सर्तकता र सुरक्षा व्यवस्था गर्ने/गराउने ।

उपरोक्त समाचार प्रचार-प्रसार गरिदिनुहुन अनुरोध छ ।

(हरिप्रसाद घिमिरे)
उप-सचिव